स्थानीय राजपत्र

बौदीकाली गाउँपालिकाद्वारा प्रकाशित

खण्ड १०, भाग १, संख्या ३, मिति २०८३ साउन १५ गते

**भाग- १**

**बौदीकाली गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## बौदीकाली गाउँपालिकाको विनियोजन ऐन, २०८३

**प्रस्तावना :**

बौदीकाली गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि संचित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम बौदीकाली गाउँसभाले यो विधेयक बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "बौदीकाली गाउँपालिकाको विनियोजन ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८३/०८४ को निमित्त संचित कोषबाट रकम खर्च गर्ने अधिकार :**
(१) आर्थिक वर्ष २०८३/०८४ को निम्ति बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूंजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ५१,०४,७४,७०३.५/- (अक्षर्रुपी एकाउन्न करोड चार लाख चहत्तर हजार सात सय तिन रुपैया पाँच पैसा मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम संचित कोषबाट खर्च गर्न सकिने छ।

३. **विनियोजन** : (१) यस विधेयकद्वारा संचित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०८३/०८४ को निमित्त बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट बचत नपुग हुने शिर्षकमा रकम सर्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर, चालू तथा पूंजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची – १

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९(२) बमोजिम संचित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शिर्षकको नाम | चालू खर्च | पूंजीगत खर्च | सशर्त/समपुरक/विशेष अनुदान | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| १ | | गाउँ कार्यपालिका | | | | | ५१,०४,७४,७०३.५/- |
| २ | | वडा समिति | | | | | |
| ३ | | विषयगत शाखा | | | | | |
| ४ | | ऋणको सावाँ व्याज भुक्तानी | | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | | |

आज्ञाले,
राकेश कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत
बौदीकाली गाउँपालिका

**प्रमाणीकरण मिति : २०८३/०३/२६**